Vaikharivani, Vol. 2(1), 2025, ISSN : 3021-9833

# प्रजातान्त्रिक नेपालको पहिलो संसद, सल्लाहकार सभा र मिडिया कभरेज

**डा. जगत नेपाल, उप–प्राध्यापक, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं ।**
jagatnepal@gmail.com
**डा. डोलराज काफ्ले, सह–प्राध्यापक, केन्द्रीय इतिहास विभाग, त्रिवि**
kafledol@gmail.com
**माहाप्रसाद खतिवडा, उप–प्राध्यापक, जनता आदर्श वहुमुखी क्याम्पस, विराटनगर (पूवि)**
himpji@gmail.com

**सारसंक्षेप**

प्रस्तुत अनुसन्धानात्मक लेख प्रारम्भिक दिनमा नेपालमा संसदीय प्रजातन्त्रको अभ्यास कसरी गरिएको थियो भन्ने विषयमा केन्द्रित छ । २००७ सालको क्रान्तिबाट १०४ वर्षसम्म चलेको राणा शाहीको अन्त्य भएपछि फागुन ७ गते राजा त्रिभुवनले शाही घोषणा गर्दै संविधानसभा निर्वाचन गरी जनप्रतिनिधिहरूले बनाएको संविधानमार्फत् मुलुकको शासन अघि बढाउने प्रतिबद्धता जनाएका थिए । दुई वर्षभित्र संविधानसभाको निर्वाचन गरी सक्ने सहमति त्यो बेला भएको थियो । देशमा संविधानसभा चुनाव नहुदासम्मका लागि सरकारलाई सल्लाह सुझाव दिन संसदका रूपमा सल्लाहकार सभा गठन भयो । राणा शासनको आखिरी दिनमा जनताको आँखामा छारो हाल्न अन्तिम राणा प्रधानमन्त्री मोहन शमशेर राणाले ग्यालरी बैठकमा भारदारी र राष्ट्रियसभा नामक दुई सदनात्मक संसदको उद्घाटन गरे पनि त्यो फगत नाटक मात्र थियो । त्यसैले नेपालमा संसदीय प्रजातान्त्रिक अभ्यसाको आरम्भ सल्लाहकार सभामार्फत् भएको हो । राजा त्रिभुवनले २००८ साल असोज १६ गते शाही घोषणामार्फत् बनाएको पहिलो सल्लाहकार सभा धेरै लामो समय नचले पनि नेपालमा संसदीय व्यवस्थाको जग बसाउन यसको महत्त्वपूर्ण योगदान छ । संविधानसभा निर्वाचन अघि सरकारलाई सहयोग गर्न बनाइएको त्यो संसदका काम कारवाही बारे खोजी गर्नु र पत्रपत्रिकामा प्रकाशित समाग्रीहरूको अध्ययन गर्नु यो आलेखको मुख्य उद्देश्य रहेको छ ।

*मुख्य शब्द* : पत्रपत्रिका, प्रजातन्त्र, संसद, राणातन्त्र

**लेखसम्बन्धी विवरण** : लेख प्राप्त मिति : २०८१/०३/१२, लेख पुनरावलोकन मिति : २०८१/०५/२७, लेख स्वीकृत मिति : २०८०/०७/२० । प्रकाशक : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, होमपेज : https://www.nepjol.info/index.php/vaikharivani/index
DOI: https://doi.org/10.3126/vaikharivani.v2i1.70312 Copy right (c) 2025 Vaikharivani. This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## पृष्ठभूमि

२००७ साल अघि जङ्गबहादुर राणा र उनका सन्तानले १०४ वर्षसम्म निरङ्कुश शासन चलाए । त्यो अवधिमा शाह वंशका राजा नाममा मात्र सिमित बनाइए । प्रधानमन्त्री सर्वेसर्वा भए । पाँडे (२०७६–भाग ५) लेख्छन् – आधुनिक लोकतन्त्रमा पुरै राज्यको जति अधिकार हुन्छ, त्यो भन्दा कैयौं गुणा शक्तिशाली मानिन्थ्यो राणा प्रधानमन्त्रीको बोली अर्थात् ‘हुकुम’ (पृ. १२) । त्यसैले ति दिन मानिसहरूको मुखमा ‘हुकुमको जवाफ छैन, कालको उपचार छैन’ भन्ने उखान झुण्डिएको हुन्थ्यो । प्रधानमन्त्रीले राज्यको बजेट चाहेका बेला झिकेर ‘निजी सम्पत्ति’ सरह खर्च गर्न पाउँथे÷सक्थे (पाँडे, २०७६–भाग दुई र तीन, पृ. २) । राज्यका कुनै निकायमा नियुक्ति गर्ने, पजनी गर्ने (हटाउने), न्याय निसाफ दिने, मृत्युदण्ड दिने सबै अधिकार प्रधानमन्त्रीको तजबिजमा हुन्थ्यो । सेना र कर्मचारी माथिल्लो तहमा उनले चाहेका राणाहरूले मात्र स्थान पाउँथे । राणा प्रधानमन्त्री जुद्धशमशेरले भनेका थिए–मेरै भाई भारदार पनि संसद, संसद भन्दछन् तर समुन्द्री सीमाले नछोएको देशमा कहीँ संसद बन्नसक्छ (नेपाल, २०७२, पृ. ३३) ।

तर त्यसको केही बर्षपछि २००७ साल असोज पहिलो साता अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरले दुनियाँलाई देखाउनकै लागि भारदारी सभा र राष्ट्रियसभा रहेको दुई सदनात्मक व्यवस्थापिका गठन गरेको नाटक रचे। २००७ साल असोज ६ गते बेलुका ४ बजे राष्ट्रियसभा र ४.४० बजे भारदारीसभाको उद्घाटन गरे (गोरखापत्र, २००७ असोज ९, पृ. १)। २००७ साल असोज ९ गतेको गोरखापत्रले प्रथम पृष्ठमा 'श्री ३ महाराजबाट नेपालको संसद उद्घाटन, सिंहदरबार ग्यालरी बैठकमा' शिर्षकको मुख्य समाचार प्रकाशित गरेको पाइन्छ। समाचारको विवरण यस्तो थियो–असोज ६ गते बेलुका ४ बजे सिंहदरबार ग्यालरी बैठकमा श्री ३ महाराजबाट राष्ट्रियसभाको उद्घाटन गरिबक्सियो। सो सभामा राष्ट्रियसभाका नियुक्त र निर्वाचित सदस्यहरू सामेल थिए। तोकिएका अफिसर र पगरीहरू पनि उपस्थित थिए (पृ. १)। संसदका लागि सरकारको न कुनै तयारी थियो नत विजनेश नै, त्यसैले उद्घाटन भाषणसँगै संसदको कारवाही पनि सकियो। बस्नेत (२०६६) लेख्छन्–शासन सञ्चालनको अधिकार जनतालाई दिएको छ भन्ने भ्रम पार्नका लागि मात्र त्यो संसद गठन गरिएको थियो। मोहन शमशेर र रोलवाला राणाहरू 'हामी नै राज्य हौं' भन्ने मान्यता राख्थे र संसदलाई उनीहरूले खेलौनाका रूपमा मात्र लिएका थिए (पृ. १५७)। मोहनशमशेरले संसद उद्घाटन गरेको एक महिना पछि मुलुकमा नेपाली कांग्रेसको सशस्त्र क्रान्ति आरम्भ भयो र त्यो क्रान्तिले १०४ वर्ष लामो राणा शासनको विधिवत अन्त्य गरी मुलुकमा प्रजातन्त्र स्थापना गर्‍यो। दुई वर्षभित्र संविधानसभा निर्वाचन गरी जनप्रतिनिधिहरूले बनाएको संविधानका आधारमा मुलुकलाई अघि बढाउने मार्गचित्र तय गरियो अनि अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेर राणाको अध्यक्षतामा नेपाली कांग्रेस सहितको संयुक्त सरकार गठन भयो। संविधानसभा निर्वाचन सम्पन्न नहुँदासम्म जनताका मुद्दामा बहस चलाउने तथा विधायिकी काममा सरकारलाई सघाउने उद्देश्यले सल्लाहकार सभा गठन गरिएको थियो।

## अध्ययन विधि र सीमाङ्कन

गुणात्मक अध्ययन विधिमा आधारित यो अनुसन्धान २००७ सालको क्रान्तिपछि नेपालले सल्लाहकार सभाका रूपमा आरम्भ गरेको संसदीय अभ्यासका विषयमा केन्द्रित छ। प्रस्तुत लेखमा गोरखापत्र र आवाज पत्रिकामा प्रकाशित समाचार समाग्रीको अध्ययन गरिएको छ। त्यसै गरी यस सन्दर्भमा प्रकाशित पुस्तक, जर्नलको अध्ययन गरिएको छ। प्राप्त तथ्याङ्कहरूलाई वर्णनात्मक र विश्लेषणात्मक विधिबाट प्रस्तुत गरिएको छ।

## सत्ता गठवन्धन भित्रको शक्ति सङ्घर्ष

राणा शासनको पतनपछि अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेर राणाको अध्यक्षतामा राणा कांग्रेस संयुक्त सरकार बन्यो। सशस्त्र क्रान्तिका नायक वीपी गृहमन्त्री बने। दुई वर्षभित्र संविधानसभा चुनाव गर्ने जिम्मेवारी संयुक्त सरकारलाई दिइएको भए पनि राणा र कांग्रेसबीचको कटुता र चरम अविश्वासका कारण त्यो काम हुन सकेन। कारण थियो, राणा र कांग्रेस विचको चरम अविश्वासको वातावरण। नेपाल (२०७२) का अनुसार प्रधानमन्त्री मोहन शमशेर राणाले गृहमन्त्री वीपीसँग भनेका थिए, वीपी, अब म श्री ३ रहिँन र तपाई पनि रैती रहनु भएन। हामी समान भयौं। श्री ३ को श्रीपेचभन्दा आजको प्रधानमन्त्री हुँदा मलाई कत्ति गौरव लागेको छ। आफू प्रधानमन्त्री हुँदै संविधान सभाको चुनाव गराउने इच्छा मलाई छ। मपछि तपाई नै प्रधानमन्त्री हुने हो (पृ.१)। ती दिन कांग्रेसीहरू राजामाथि भर गर्थे र राणालाई सत्ताच्युत गर्न चाहन्थे। वीपीले प्रधानमन्त्रीमाथि भर गर्न सकेनन् र भनिदिए अहिले वातावरण बनेको छैन। राणाहरूलाई कमजोर बनाउने र राजतन्त्रलाई स्थापित गर्ने नीतिमा कांग्रेस अग्रसर हुदै गयो। १०४ वर्षसम्म राणाहरूले खोपीमा सीमित राखेका कारण राजा त्रिभुवनको पालासम्म दरबार अत्यन्त कमजोर थियो। यस प्रसङ्गमा गुरागाई (२०७९) लेख्छन्–प्रधानमन्त्रीको अनुमति विना राजा नारायणहिटी दरबारबाहिर निस्कन पाउदैनथे। श्री ५ (राजा) को नाममा शासन चलाए पनि श्री ३ (प्रधानमन्त्री) नै सर्वेसर्वा थिए (पृ.३०)। प्रजातन्त्र स्थापना पछि दरबारले राणाहरूलाई कमजोर बनाउन दलहरूलाई उपयोग गरि रहेको थियो भने सशस्त्र क्रान्ति सफल बनाएको दल नेपाली कांग्रेस बेलायतमा जस्तो

संवैधानीक राजतन्त्र हुनुपर्छ र त्यसका लागि राजाले साथ दिन्छन् भन्ने विश्वासमा थियो । सेना र प्रशासनको उच्च तहमा राणाहरू नै भएकाले तत्काल चुनाव गराउने हो भने षड्यन्त्र हुन सक्छ भन्ने ठानेर कांग्रेसले, चुनाव गराउनु पर्छ भन्ने प्रधानमन्त्री मोहन शमशेरको प्रस्तावलाई महत्त्व दिएन (नेपाल, २०७२, पृ. २) । यसरी राणा कांग्रेस संयुक्त सरकारका पालामा चुनावको तयारी हुन सकेन । त्यसको केही समयपछि गोरखा दलले गृह मन्त्री वीपीको सरकारी निवासमा आक्रमण गरी उनको हत्या प्रयास गऱ्यो । सरकार बनेको एक महिना नपुग्दै भएको त्यो भयानक घटनाले राणा कांग्रेससँगै अघि बढ्न नसक्ने अवस्था बन्यो । २००८ वैशाख ३ गतेको गोरखापत्रले पहिलो पृष्ठमा 'काठमाडौंमा खुकुरी दलको शरावी काण्ड, गृहमन्त्रीको वासस्थानमा सशस्त्र हमला, बदमासहरू गिरफ्तार' शीर्षकमा ब्यानर न्यूज प्रकाशित गरेको पाइन्छ (गोरखापत्र, २००८ वैशाख ३, पृ. १) । गोरखापत्रको समाचारमा भनिएको छ –

> दिनको करिव साढे ३ बजेतिर ४०–५० जनाका मानिसहरू हुल हुज्जतका साथ जेलभित्र पसी त्यहाँ थुनिएका खुकुरी दलका नायक भरत शमशेरलाई निकाले छन् र नाङ्गो खुकुरी चलाउदै परेड गरिरहेका पल्टन भड्काउन पुगेछन् । भरत शमशेरको भाषणबाट उत्तेजित भएको मुर्ख मण्डली गृहमन्त्रीलाई मार्नै पर्छ भनी उहाँको वासस्थानतिर दौडेछन् । टेलिफोन अफिसको अगाडि पुग्दा गृहमन्त्रीको प्राइभेट सेक्रेटरी दीर्घराज कोइरालालाई भेट्टाए छन् र उनलाई गृहमन्त्री ठानी निर्घात कुटेछन् । पिट्दै टुडिखेल पुऱ्याएपछि भरत शमशेरले आफ्नो मोटरमा राखी खरीबोटतिर लगेछन् । कमाण्डर इन चीफ केशर शमशेरले आफ्नो मोटरमा राखेर दीर्घराजलाई अस्पताल पठाए ।
>
> त्यसपछि फेरि जुलुसका साथ भरत शमशेर गृहमन्त्रीको वासस्थानमा आई खुकुरी र बन्दुकद्वारा ताण्डव देखाउन थाले । मोटर साइकल जलाए । ढोका फोर्ने र घरमा ढुङ्गा हान्ने गर्न थाले । ढोका फोरेर भित्र गई अड्डाका कर्मचारी कुटे । ढोका फोडी भित्र पसेपछि पनि हातको स्टेनगन नचलाई सम्झाउदै गृहमन्त्रीले भन्नु भयो–तिमीहरू राम्रो कुरा गर म सुन्छु । फर्क म मार्न चाहन्न । तर बदमासहरूले उहाँको त्यस वाक्यको ख्यालै नगरेकाले गोली चलाउन बाध्य हुनै पऱ्यो । गोली चल्ना साथ बदमासहरू भागाभाग गरी दौडे (गोरखापत्र, २००८ वैशाख ३, पृ. १ भाग ५२, सं १) ।

यो घटनाले राणा र कांग्रेसबीचको द्वन्द्वलाई उत्कर्षमा पुऱ्याइ दियो । राणा र कांग्रेस विवाद चुलिमा रहेका बेला दरबारले प्रधानमन्त्री मोहन शमशेरलाई कमजोर बनाएर राजालाई बलियो बनाउने मौकाका रूपमा उपयोग गऱ्यो । बैशाख ९ गते प्रधानमन्त्री मोहनशमशेर सिंहदरबार छोडेर आफ्नो निजी निवास (लक्ष्मी निवास) महाराजगञ्जमा सरे । अनि सिंहदरबारलाई नेपाल सरकारको केन्द्रीय कार्यालय बनाइयो ।

**प्रधानमन्त्रीको परामर्श बिनै सल्लाहकार सभा**

यो घटनापछि राणा र कांग्रेसबीचको कलह झनै चर्किदै गयो । यसबीच राजाले प्रधानमन्त्रीको सल्लाह बिनै सल्लाहकार सभा गठन गरे । प्रजातन्त्र स्थापनापछिको पहिलो संसदमा नेपाली कांग्रेसका सदस्यहरूको बाहुल्यता थियो । रेडियो नेपालबाट राजाले सल्लाहकार सभा सदस्यहरूको नामावली बाचन गरेपछि मात्र प्रधानमन्त्री राणाले त्यस बारे जानकारी पाएका थिए । देवकोटा (२०१६) लेख्छन्–

> राजाले घोषणा गर्नुभन्दा अघि प्रधानमन्त्रीसँग ती नाम बारे सल्लाह गरेका थिएनन् । आवाज पत्रिकाले प्रधानमन्त्री राणालाई उद्धृत गर्दै लेखेको थियो–सल्लाहकार समिति मेरो विचारमा प्रजातान्त्रिक तथा नियमित ढङ्गको हुनु पर्छ र यसमा एकै वर्गका मानिसहरूको मात्र विशेष प्रतिनिधित्व भएको छ । जुन की असल भएको छैन । ( पृ. १०६)

राणा कांग्रेस सरकार रहदासम्म सल्लाहकार सभाको बैठक नै हुन सकेन । अतः २००८ कात्तिक २५ गते रेडियो नेपालमा बक्तव्य दिदै वीपीले गृह मन्त्रीबाट राजीनामा दिए । कुनै एउटा पक्ष वाहिरिएमा स्वतः संयुक्त सरकार भङ्ग हुने प्रावधान रहेकाले कात्तिक २६ गते मोहनशमशेर सत्ता छोड्न बाध्य भए । यसरी गठन भएको सात महिनामै राणा र कांग्रेस सरकार पतन भयो । अनि २००८ साल मंसिर १ गते मातृकाप्रसाद कोइराला प्रधानमन्त्री बने । मातृका सरकारलाई २००९ सालभित्रै संविधान सभाको चुनाव गराउने म्यान्डेट दिइएको थियो (नेपाल, २०७२, पृ. ७) । संविधानसभा निर्वाचन हुनु अघि सरकारलाई सल्लाह दिनका लागि राजा प्रधानमन्त्रीको सल्लाहमा राजा त्रिभुवनले सल्लाहकार सभा गठन गरे ।

**प्रजातान्त्रिक नेपालको पहिलो संसद**

राणा कांग्रेसबीचको द्वन्द्व उत्कर्षमा रहेका बेला प्रधानमन्त्री मोहनशमशेरको परामर्श विनै राजा त्रिभुवनले शाही घोषणामार्फत् २००८ साल असोज १६ गते ३५ सदस्यीय सल्लाहकार सभा गठन गरे (गोरखापत्र, २००८ आश्विन १७, पृ. १–४) । संसदीय प्रजातान्त्रिक शासन व्यवस्था अङ्गीकार गर्न लागेको मुलुकले प्रधानमन्त्रीको जानकारी विनै संसद गठन गरिनु सिद्धान्ततः मिल्ने कुरा थिएन । सल्लाहकार सभामा मन्त्रीहरू पदेन सदस्य रहने व्यवस्था थियो । गैरसरकारी सदस्यहरूमा नेपाली कांग्रेसको बहुमत थियो । गौतम (२०६६) लेख्छन्–मन्त्रीमण्डलसँगको राय सल्लाह बिनै राजाले सल्लाहकार सभा गठन गरेको भन्दै प्रधानमन्त्री मोहनशमशेर जबराले असन्तोष प्रकट गरेका थिए (पृ. ७३) । राजाले रेडियो नेपालमार्फत् सल्लाहकार सभामा रहने सांसदहरूको नामावली बाचन गरेपछि मात्र प्रधानमन्त्री राणाले जानकारी पाएको उल्लेख गर्दै देवकोटा (२०१६) लेख्छन् ।

> राजाले सल्लाहकार सभा सदस्यहरूको नामावली घोषणा गर्नु भन्दा पहिलो क्याविनेटसँग विचार विमर्श गरेका थिएनन् । नत घोषणा गर्नु भन्दा पहिलो क्याविनेटका सदस्यहरूले कुनै सूचना नै पाएका थिए । मलाई खाली यो भनेको थियो की श्री ५ बाट सल्लाहकार सभा गठन गरेको बारेमा आफ्नो घोषणा हुने भएको छ । रेडियो नेपालबाट नाम सुनेपछि मेरो यस्तो विचार भयो की नामावलीको सम्बन्धमा महाराजाधिराजबाट क्याविनेटसँग आवश्यक विचार विमर्श गर्नु पर्ने थियो ।
>
> देशमा सर्वसम्मतिले तथा उत्साहका साथ कसैले यसको स्वागत गरेन । आवाज पत्रिकाले विरोध गऱ्यो । सल्लाहकार समिति मेरो विचारमा प्रजातान्त्रिक तथा नियमित ढङ्गको हुनु पर्छ र यसमा एकै वर्गका मानिसहरूको मात्र विशेष प्रतिनिधित्व भएको छ । जुन की असल भएको छैन । (पृ. १०६)

संयुक्त सरकारमा सहभागी भए पनि राणा कांग्रेसमा एक अर्कोबीच चरम अविश्वासको अवस्था थियो । ति दिन नेपाली कांग्रेस राजालाई आफ्नो र राणालाई विरोधी ठान्दथ्यो । त्यसैले प्रधानमन्त्रीको जानकारी विना राजाले सल्लाहकार सभा गठन गर्नु अप्रजातान्त्रिक कदम थियो । तैपनी कांग्रेसले प्रधानमन्त्रीको आलोचना मात्र गरेन राजाको बचाउ गरेको थियो । देवकोटा (२०१६) लेख्छन् :

> प्रधानमन्त्रीद्वारा राजाको निर्णयमा यसरी खुल्ला विरोध गरिनु अनियमित र अनुचित छ । यदी प्रधानमन्त्रीको राजासित केही मतभेद छ भने अथवा राजाले प्रधानमन्त्रीको राय नलिइकनै सल्लाहकार समिति छानेको भए । त्यसको उचित तरिका यो थियो कि प्रधानमन्त्रीले आफ्नो पदबाट विरोध स्वरूप राजिनामा दिनु । विरोध गरेर प्रधानमन्त्रीले राजाको वैधानिक व्यक्तित्वलाई चुनौती दिएको देखिन्छ । यसका लागि प्रधानमन्त्रीले राजासँग तुरून्त माफी माग्नु पर्छ । (पृ. १०७)

त्यसैले संयुक्त सरकार आठ महिना भन्दा वढी टिक्न सकेन । २००८ साल कात्तिक २५ गते नेपाली कांग्रेसको नेतृत्व गरिरहेका वीपी कोइरालाले गृहमन्त्रीबाट राजीनामा गरे । अन्तरिम सरकारमा एउटा पक्षले राजीनामा गरे अर्कोले पनि छोड्नु पर्ने प्रावधान राखिएको थियो त्यसैले कात्तिक २६ गते प्रधानमन्त्री मोहन शमशेरले पनि राजीनामा गरे । अनि २००८ साल मंसिर १ गते नेपाली कांग्रेसका सभापति मातृकाप्रसाद कोइराला प्रधानमन्त्री वने । उनी त्यो पदमा पुग्ने पहिलो आम नेपाली थिए । त्यो घटनालाई नेपालको पहिलो दैनिक 'आवाज' ले शताव्दीदेखिको राणा प्रधानमन्त्री खत्तम, श्री मातृकाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा नयाँ मन्त्रीमण्डल गठन, नारायणहिटी दरबारमा श्री ५ महाराजाधिराजको घोषणा' शीर्षकमा व्यानर न्यूज बनाएको थियो (आवाज, २००८ मंसिर १, पृ. १)। कोइरालालाई प्रधानमन्त्री नियुक्त गरिएको शाही घोषणाको अन्त्यमा राजाले भनेका थिए–श्री परमेश्वरले हामी र हाम्रा मातहतका अधिकारी वर्गलाई हाम्रा प्रजाको भलाइको निमित्त हाम्रो इच्छाहरू पालना गर्नेलाई शक्ति प्रदान गरून (आवाज, २००८ मंसिर १, पृ. १)।

नयाँ सरकार गठन भएपछि २००८ असोज १६ गते गठित सभाका सदस्यहरू मध्ये प्रो रत्नबहादुर बिष्ट, शिवराज पन्त, मे.ज. महावीर शमशेर, महेन्द्रविक्रम शाह, खड्गमान सिंह, सूर्यप्रसाद उपाध्याय, बद्रीविक्रम थापा, नारादमुनि थुलुङ र मातृकाप्रसाद कोइराला मध्ये केही मन्त्रीमण्डल र अन्य कोही सरकारी पदमा नियुक्त भएका कारण ९ सदस्य हटे र २६ मात्र कायम रहे (बस्नेत, २०६६, पृ. ४१५) । २००९ साल वैशाख १ गतेको राजाले सल्लाहकार सभा पुनर्गठन गरी २१ सदस्य थपे । सल्लाहकार सभाबाट बाहिरिने सदस्यहरूमा छ जना मन्त्रीका अतिरिक्त प्रो.रत्नबहादुर बिष्ट, शिवराज पन्त र बद्रीविक्रम थापा थिए (आवाज, २००९, वैशाख २, पृ. १–४) । पुनर्गठन भएपछि सल्लाहकार सभाको सदस्य सङ्ख्या ४७ पुग्यो । पदेनको हैसियतमा मन्त्रीपरिषद्का १४ सदस्य थपिएपछि यसको कुल सदस्य सङ्ख्या ६१ पुग्यो (गोरखापत्र, २००९ वैशाख २, पृ. १) । बिहान ११ बजे रेडियोबाट शाही घोषणा गर्दै राजाले निम्न व्यक्तिलाई सल्लाहकार सभामा मनोनीत गरेका थिए । पहिलो पटक व्यवस्थापिकामा तीन महिला सदस्य मनोनीत भएका थिए (शर्मा, २०१६, पृ. ३०४) ।

**राजाको भारदारी सभाभन्दा कमजोर संसद**

अन्तरिम शासन विधानको धारा ३३ को उपधारा (२) मा संविधानसभाको गठन नहुदासम्म विधायिकाको काम गर्न सल्लाहकार सभाको व्यवस्था गरिएको थियो ( नेपाल अन्तरिम शासन विधान, २००७) । सार्वजनिक महत्त्व र जनसरोकारका विषयमा छलफल वहस गर्ने, कानून बनाएर स्वीकृतिका लागि राजा समक्ष सिफारिस गर्ने, बजेटमाथि छलफल गर्ने, मत दिने, सरकारलाई सल्लाह सुझाव दिने सभालाई अधिकार थियो । त्यसैगरी विचार तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति गर्दै सभा वा कुनै समितिको छलफल वा वहसमा व्यक्त गरिएका विचारलाई आधार बनाएर सल्लाहकार सभाका कुनै सदस्यलाई थुन्न वा न्यायालयमा कारवाही चलाउन नपाइने विशेषाधिकार संविधानमै ग्यारेन्टी गरिएको थियो । सरकारी लाभको पद धारण गरेको, अदालतद्वारा नैतिक विकृति तथा भ्रष्टाचारको अभियोगमा दोषी भएको, मगज विग्रिएको र सपथ नलिएको व्यक्तिलाई संविधानसभा सदस्य बन्न संविधानले अयोग्य मानेको थियो । सल्लाहकार सभा सदस्यको सपथ लिनु अघि आफू सो पदका लागि अयोग्य छु भन्ने थाहा हुदाहुदै कुनै व्यक्तिले सदस्यको हैसियतमा मत दियो भने त्यस्तो व्यक्तिलाई सभामा बसेको अथवा मत दिएको प्रत्येक दिनको मोरू १०० का दरले जरिवाना हुने र त्यस्तो रकम राज्यको ऋणका रूपमा असुल उपर गर्ने प्रावधान संविधानमा थियो ।

संविधानले मन्त्रीमण्डल गठन गर्ने र भङ्ग गर्ने अधिकार राजालाई दिएको थियो । सबै मन्त्री, राज्यमन्त्री र उपमन्त्री पदेन सदस्य रहने प्रावधान भए पनि सल्लाहकार सभाको सदस्य सङ्ख्या तोक्ने, मनोनयन गर्ने र चाहेको बेला भङ्ग गर्न सक्ने अधिकार राजालाई थियो । सभाको बैठक प्रत्येक वर्ष कमसेकम दुई पटक आह्वान गर्ने, हिँउदे अधिवेशनलाई विधेयक र वर्षे अधिवेशनलाई बजेट अधिवेशनका रूपमा सञ्चालन गर्ने तथा एउटा अधिवेशनको

अन्त्य र अर्काको शुरूवातबीच छ महिनाको अन्तर रहने सिद्धान्त अवलम्बन गरिएको थियो । बजेटमाथि छलफल गरे पनि सभालाई राजाको व्यक्तिगत कोष अथवा त्यससँग सम्बन्धित विषयमा छलफल गर्ने अधिकार थिएन । सभामा छलफल गरेर मात्र कुनै पनि विधेयक वा प्रस्ताव स्वीकृतिका लागि राजा समक्ष पेश गर्नु पर्ने प्रावधान राखिएको थियो तर सभाले पास गरेको कुनै पनि विधेयक वा प्रस्तावलाई सुझाव सहित सदनमा फिर्ता पठाउने देखि अस्वीकार गर्न सक्ने अधिकार राजामा निहित थियो । सभाले अस्वीकार गरेको कुनै विधेयक वा प्रस्ताव सार्वजनिक हितका लागि उचित छ भन्ने राजालाई लागेमा त्यस्तो विल वा प्रस्ताव सभाले पास गरेको प्रमाणित गर्न सक्ने अधिकार राजालाई थियो । राजा र राजपरिवारको आचरणको बिषयमा छलफल गर्न वा कुनै मन्त्री वा सम्पूर्ण मन्त्रीमण्डलमाथि अविश्वासको प्रस्ताव ल्याउन नपाउने व्यवस्था थियो (बस्नेत, २०६६, पृ. ४१६) । सल्लाहकार सभाले नेपालमा बेलायतको वेष्ट मिनिष्टर प्रणाली अनुरूपको संसदीय अभ्यासको जग वसाउन महत्त्वपूर्ण ठूलो योगदान गर्‍यो । अधिकारका दृष्टिले सभालाई राजाको भारदारीसभा जति अधिकार मात्र थियो ।

**सल्लाहकार सभाको पहिलो बैठक**

राणा कांग्रेस संयुक्त सरकारका पालामा गठन गरिएको सल्लाहकार सभामा सत्तारूढ दलहरूबीचको किचलोको प्रत्यक्ष प्रभाव देखा पर्‍यो । राजाले २००८ असोज १६ गते सभा गठन गरेका थिए । यसको पहिलो बैठक भने २००९ साल असार १६ गते मात्र बस्न सक्यो । अर्थात् गठन भएपछि पहिलो बैठक बस्न झण्डै ९ महिना कुर्नु पर्‍यो । राणा कांग्रेस संयुक्त सरकार पतन भएर २००८ मांसिर १ गते नेपाली कांग्रेसको एकमना सरकार बन्यो । जनताको छोराको हैसियतमा नेपाली कांग्रेसका सभापति मातृकाप्रसाद कोइराला प्रधानमन्त्री बनेको साढे ६ महिना पछि मात्र पहिलो अधिवेशन हुनसक्यो । २००९ असार १४ गतेको अङ्कमा गोरखापत्रले नेपाल सरकार प्रचार विभागको नाममा एउटा सूचना प्रकाशित गर्दै असार १६ गते सल्लाहकार सभाको पहिलो बैठक बस्ने जानकारी दिएको पाइन्छ । सूचनामा भनिएको थियो–

> सर्वसाधारणलाई यो कुरा विदित गरिन्छ की नेपालमा सल्लाहकार सभाको गठन गर्नको निमित्त नेपाल अन्तरिम शासन विधान २००७ लाई शंसोधन गरी एउटा ऐन वनाइएको छ । त्यो ऐनमा लालमोहर लागि सकेको छ र आगामी अंकमा प्रकाशित हुने छ । सल्लाहकार सभाको प्रथम बैठक असार १६ गते हुने भएको छ । (गोरखापत्र, २००९ असार १४, पृ. १, भाग ५३, सङ्ख्या ३०)

२००९ साल असार १६ गते सल्लाहकार सभाको पहिलो बैठक सिंहदरबार स्थित ग्यालरी बैठकमा बिहान ११.२० बजे बोलाइएको थियो । यो त्यही सभाहल थियो, जहाँ राणा प्रधानमन्त्री मोहनशमशेरले २००७ साल असोज ६ गते मुलुकै पहिलो व्यवस्थापिका (भारदारीसभा र राष्ट्रसभा) को उद्घाटन गरेका थिए । त्यसको तीन वर्षपछि मुलुकमा पहिलो पटक प्रजातान्त्रिक शासन व्यवस्था अन्र्तगत गठन गरिएको संसदको बैठक आरम्भ हुदै थियो । राजाबाट मनोनीत सल्लाहकार सभाका सदस्यहरू भारी उत्साहका साथ सभाहलमा उपस्थित भएका थिए । राजा त्रिभुवनको अनुमतिले बयोवृद्ध सदस्य वीरविक्रम शाहले बैठकको अध्यक्षता गरे ॥ अनि संसदीय मन्त्रालयका सेक्रेटरी कुलशेखर शर्माले श्री ५ महाराजाधिराजको हुकुम अनुसार निर्वाचन अफिसरको रूपमा आएका राजाका सल्लाहकार (भारतीय नागरिक) गोविन्द नारायणले अध्यक्षको चुनावसम्बन्धी वक्तव्य पढेर सुनाए । (गोरखापत्र, २००९, असार २१, पृ. १) । त्यसपछि सभाको अध्यक्ष चयन प्रकृया आरम्भ भयो ।

**भट्टराई र देवकोटाबीच अध्यक्षमा प्रतिस्पर्धा**

सल्लाहकार सभाको अध्यक्षका लागि नेपाली कांग्रेसका महामन्त्री कृष्णप्रसाद भट्टराई र महाकवी लक्ष्मी प्रसाद देवकोटाको उम्मेदवारी पर्‍यो । अनि शुरू भयो, प्रचार प्रसार अभियान । दुवै उम्मेदवारले गोप्य मतदान बारे

सदस्यहरूसँग छलफल गर्दै आफूलाई विजयी बनाउन अपिल गरे । त्यस लगत्तै भएको मतदानमा भट्टराईले ४० र देवकोटाले १४ मत पाए । अनि जेष्ठ सदस्य शाहले पहिलो सल्लाहकार सभाको अध्यक्षमा भट्टराई निर्वाचित भएको घोषणा गरे । त्यो निर्वाचनका सम्वन्धमा 'श्री कृष्णप्रसाद भट्टराई सल्लाहकार सभाका अध्यक्ष, नेपालको इतिहासमा एउटा अर्को सुनौलो पाना' शीर्षकमा मुख्य समाचार प्रकाशन गर्दै गोरखापत्रले लेखेको छ –

देशमा पहिलो पटक भर्खरै गठित सल्लाहकार सभामा आज श्री कृष्णप्रसाद भट्टराई अध्यक्ष चुनिनु भयो । यसरी सन्सारको इतिहासमा सबभन्दा कम उमेरको स्पीकर श्री कृष्णप्रसाद भट्टराईले ३.४५ बजे उक्त आसन सुशोभित गर्नु भयो । सधै झै ११.२० मा अहिलेसम्म काम चलाउनका निमित्त मानोनीत अध्यक्ष श्री वीरविक्रम शाहले अध्यक्षको आसन ग्रहण गर्नुभयो । (गोरखापत्र, २००९ अषाढ २१, पृ. १) । वि.सं. १९८१ पुष ८ मा जन्मिएका भट्टराई सल्लाहकार सभाको अध्यक्षमा निर्वाचित हुँदा मात्र २८ वर्ष छ महिनाका थिए । त्यति बेलाका पत्रपत्रिकाले भट्टराईलाई विश्वकै सबभन्दा कम उमेरका प्रथम अध्यक्षका रूपमा चित्रित गर्दै लेख रचना प्रकाशित गरेका थिए (शर्मा, २०३३, पृ. ४५०) । अध्यक्ष भट्टराईलाई वधाई तथा शुभकामना दिएपछि असार २१ गतेसम्मका लागि बैठक स्थगित गरियो । त्यसै गरी सभाको उपाध्यक्षमा नेपाली कांग्रेसका शिवपति प्रताप शाह र विरोधी पक्षका श्रीमती पुण्यप्रभा देवीबीच भएको चुनावमा शाह ३० मत पाएर विजयी भए ।

**शाही सम्बोधनमा संविधानसभाको प्रतिबद्धता**

२००९ असार २१ गते अपरान्ह १२.३० बजे राजा त्रिभुवनले सल्लाहकार सभालाई संवोधन गर्ने कार्यक्रमका लागि ग्यालरी बैठक सजाएर झकिझकाउ बनाइएको थियो । दिउँसो १२ बजेतिर सभाका सदस्य र मन्त्रीगणहरू क्रमश सभा हल भित्र प्रवेश गरे । वैठकको काम कारवाही अवलोकनका लागि विशिष्ठ दर्शकहरूका रूपमा अधिराजकुमार बसुन्धरा र हिमालय (अधिराजकुमारहरू) ग्यालरी बैठक पुगे । साढे १२ बजे राजाको सवारी भयो । सभाका अध्यक्ष भट्टराई संसदीय मन्त्री खड्गमान सिंहले सभाको ढोकासम्म पुगेर राजाको स्वागत गरे । अनि राजा त्रिभुवनले संसदलाई सम्बोधन गरे । उनको भाषण रेडियो नेपालले रिले गरेको थियो (गोरखापत्र २००९ असार २४, पृ. १) । शाही घोषणामा २००९ साल भित्र देशभरी निष्पक्ष र स्वतन्त्र ढङ्गले संविधानसभा चुनाव सम्पन्न गराउने प्रतिबद्धता जनाइएको थियो (बस्नेत, २०६६, पृ. ४१७) ।

राजाले असार २३ गते देखि शुरू भएको शाही सम्बोधनमाथिको छलफल, असार २८ र ३० गते पनि चल्यो । शाही सम्बोधनमाथि २१ वटा संशोधन प्रस्ताव पेश भएका थिए । जसमा विरोधी समुहबाट ६ र सत्तारूढ नेपाली कांग्रेसका तर्फबाट १५ प्रस्ताव आएका थिए । नेपाली कांग्रेसका सभापति वीपी कोइरालाले संविधानसभा निर्वाचन यथाशिघ्र हुनु पर्छ भन्दै मिति तोक्नु पर्ने तथा भूमिसुधार र विर्ता उन्मुलन गर्नु पर्ने प्रस्ताव राखेका थिए । असार ३० गते प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले शाही सम्बोधनका निमित्त राजा प्रति धन्यवाद प्रस्ताव पेश गर्दै सदस्यहरूले उठाएका प्रश्नको जवाफ दिए । असार ३० गते शाही सम्बोधनमाथिको धन्यवाद प्रस्ताव बहुमतले पारित भयो ।

पहिलो सल्लाहकारसभा २००८ असोज १६ मा गठन भए पनि लामो समय यसको बैठक बसेन । २००९ असार १६ गते सभाको बैठक शुरू भयो र ३० गते समापन भयो । सभामा मुलुक र जनताका मुद्दा, संविधानसभा निर्वाचन, समसामयिक बिषय वस्तु र शाही घोषणामाथि छलफल भयो । गुरूङ (२०७८) लेख्छन् – करिव ३ महिना अस्तित्वमा रहेको पहिलो सल्लाहकार सभामा विधायिकी अभ्यास भने भएको पाइँदैन (पृ.४०) । यो सभाले खासै काम गर्न नपाए पनि मुलुकमा संसदीय प्रजातान्त्रिक अभ्यासको जग बसाउन प्राथमिक पाइला चालेको थियो भन्न सकिन्छ ।

**सदनमा कमजोर प्रतिपक्ष**

सल्लाहकार सभामा नेपाली कांग्रेसको वहुमत थियो । ति दिन नेपाल कम्युनिष्ट पार्टी प्रतिवन्धित थियो । त्यसैले पहिलो सल्लाहकार सभामा वामपन्थीहरूको प्रतिनिधित्व थिएन । संसदीय व्यवस्थामा संसद प्रतिपक्षको सरकार

सत्ता पक्षको भन्ने सिद्धान्त छ। त्यति बेलाको संविधानमा विपक्षको परिकल्पना नभए पनि ऋषिकेश शाहको सकृयतामा केही सदस्यले 'संसदीय विरोधी जमात' को नामले प्रतिपक्षी अभ्यास शुरू गरेका थिए। त्यस समुहमा शाहका अतिरिक्त केदारमान व्यथित, लक्ष्मीप्रसाद देवकोटा, पुण्यप्रभा देवी ढुङ्गाना, गुलाव नारायण झा र शिवप्रसाद रौनियार सहित छ जना थिए (बस्नेत, २०६६, पृ. ४१६–४१७)। अध्यक्ष भट्टराईबाट असार २४ गते विरोधी दलको मान्यता पाएपछि त्यस समुहले ऋषिकेश शाहलाई नेता र केदारमान व्यथितलाई उपनेतामा चयन गरेको थियो। सत्ता पक्षको प्रमुख सचेतक रामनारायण मिश्र तोकिएका थिए (बस्नेत, २०६६, पृ. ४१७)।

**टङ्कप्रसाद आचार्यको विमति**

सल्लाहकार सभामा नेपाली कांग्रेसका धेरै सदस्य मनोनीत भएका थिए। २००७ सालको सशस्त्र क्रान्तिमार्फत् १०४ वर्षे राणा शासनको अन्त्य गरी आफूलाई गद्दिमा पुनस्थापित गरेका कारण पनि नेपाली कांग्रेसप्रति राजा त्रिभुवनले बढी भर गरेका थिए। ति दिन उनी महत्त्वपूर्ण निर्णय गर्नू पर्दा नेपाली कांग्रेस र त्यसका नेताहरूसँग परामर्श लिने गर्थे (नेपाल, २०७५, पृ. १६५)। प्रजातन्त्र स्थापना पछिको पहिलो संसद (सल्लाहकार सभा) गठन गर्ने समयमा समेत राजाले कांग्रेसलाई ठूलो महत्त्व दिएका थिए। ति दिन कम्युनिष्टहरूको संगठन र प्रभाव खासै थिएन। त्यसैले सभामा कम्युनिष्टहरूको प्रतिनिधित्व थिएन। तर नेपालमा राणा शाही विरूद्ध आवाज उठाउने पहिलो दल थियो नेपाल प्रजा परिषद्। त्यही संस्थाले चलाएको आन्दोलनका क्रममा चार शहीदहरू दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठलाई मृत्युदण्ड दिइएको थियो। त्यस दलका अध्यक्ष टङ्कप्रसाद आचार्यलाई सदस्यमा मानोनीत गरिए पनि आफ्नो दल प्रजापरिषद्लाई प्रतिनिधित्व नगराएकोमा उनी असन्तुष्ट थिए। नेपालमा प्रजापरिषद् नामको दल खोली ज्यानको वाजी लगाएका टङ्कप्रसाद आचार्य आफ्नो पार्टीलाई अवमूल्यन गरी सल्लाहकार सभामा सम्मान जनक स्थान नदिएको भन्दै असन्तुष्ट थिए। राजाले उनलाई व्यक्तिगत हैसियतमा सल्लाहकार सभा सदस्यमा मनोनयन गरे पनि आचार्यले अस्वीकार गरेका थिए। आफू र आफ्नो दलको पूर्व जानकारी र स्वीकृति विना सल्लाहकार सभा सदस्यमा समावेश गरिएकोमा आपत्ति जनाउदै २००९ वैशाख ४ गते प्रजापरिषद्ले विज्ञप्ति प्रकाशित गरी विरोध जनाएको पाइन्छ। 'सल्लाहकार समितिसित टङ्कप्रसाद आचार्यजीको कुनै सम्बन्ध छैन, प्रजापरिषद्को विज्ञप्ति' शिर्षकमा आवाज दैनिकले २००९ वैशाख ५ गतेको अङ्कमा समाचार प्रकाशित गरेको पाइन्छ। २००८ माघ १० गते संसद मन्त्रालयले आचार्यलाई निम्न व्यहोराको पत्र पठाएको थियो।

श्री ५ महाराजाधिराजबाट घोषणा गरिवक्सेको केन्द्रीय सल्लाहकार समितिमा केही सदस्य थप हुने भएको छ। तपाईं मनोनीत भएको खण्डमा यस सभालाई सहयोग गर्न सक्नु हुन्छ वा हुन्न यसको जवाफ ५ दिन भित्र पठाउने कष्ट गर्नु भए अनुगृहीत हुने छु।

भवदीय
सेक्रेटरी

जवाफमा आचार्यले २००८ माघ १८ गते संसद मन्त्रालयका सचिवलाई लेखेको जवाफको व्यहोरा यस प्रकार छ।

> तपाईंको सङ्ख्या ८६ को पत्र मिल्यो। केन्द्रीय सल्लाहकार समितिमा थप हुने कुरा लेख्नु भएको रहेछ र साथै मलाई पनि भाग लिने हो कि होइन भनेर सोध्नु भएको रहेछ। अफसोचको कुरा, छ की नेपाल प्रजापरिषद् १७ वर्ष पुरानो नेपालको एक प्रतिष्ठित राजनीतिक संस्थालाई विर्सी व्यक्तिगत तौरले मलाई आह्वान गर्नु भएको रहेछ। असल हुने थियो संस्थालाई आह्वान गर्नु भएको भए। उक्त सल्लाहकार समिति कस्तो किसिम को हो ? त्यसमा कस्तो किसिमका सदस्य रहन्छन् ? सो समितिको हक कुन कुन प्रकारका हुन ? यि सबै कुराको विवरण पठाई दिनु भए विचार गर्ने मौका मिल्ने थियो।

भवदीय
टङ्कप्रसाद आचार्य

आचार्यले पठाएको पत्र बारे कुनै जवाफ नदिएर राजाले उनलाई सल्लाहकार सभामा मनोनीत गरेको भन्दै प्रजापरिषद्ले असहमति जनाएको थियो । यस सन्दर्भमा राजा त्रिभुवनको प्रतिकृया यस्तो थियो–विरोध एउटा स्वभाविकै कुरा हो, देशको ७५–८० लाख जनताहरू मध्ये ६१ जनालाई मनोनीत गर्दा सबैलाई चित्त बुझेन । सबैको चित्त बुझाउन कठिन नै पर्दछ (आवाज, २००९ वैशाख ८, पृ. १) ।

## शाही सम्बोधन र संविधानसभा चुनावको प्रतिबद्धता

२००९ असार २१ गते अपरान्ह १२.३० बजे राजा त्रिभुवनले सल्लाहकार सभालाई संवोधन गर्ने कार्यक्रमका लागि ग्यालरी बैठक सजाएर झकि झकाउ बनाइएको थियो । दिउँसो १२ बजेतिर सभाका सदस्य र मन्त्रीगणहरू क्रमश सभा हल भित्र प्रवेश गरे । वैठकको काम कारवाही अवलोकनका लागि विशिष्ठ दर्शकहरूका रूपमा अधिराजकुमार बसुन्धरा र हिमालय (अधिराजकुमारहरू) ग्यालरी बैठक पुगे । साढे १२ बजे राजाको सवारी भयो । सभाका अध्यक्ष भट्टराई संसदीय मन्त्री खड्गमान सिंहले सभाको ढोकासम्म पुगेर राजाको स्वागत गरे । अनि राजा त्रिभुवनले संसदलाई संवोधन गरे । उनको भाषण रेडियो नेपालले रिले गरेको थियो (गोरखापत्र २००९ असार २४, पृ. १) । शाही घोषणामा २००९ सालभित्र देशभरि निष्पक्ष र स्वतन्त्र ढङ्गले संविधानसभा चुनाव सम्पन्न गराउने प्रतिबद्धता जनाइएको थियो (बस्नेत, २०६६, पृ. ४१७) ।

राजाले असार २१ गते गरेको शाही सम्बोधनमाथिको छलफल असार २३ गते देखि शुरू भई, असार २८ र ३० गते पनि चल्यो । शाही सम्बोधनमाथि २१ वटा संशोधन प्रस्ताव पेश भएका थिए । जसमा विरोधी समुहबाट ६ र सत्तारूढ नेपाली कांग्रेसका तर्फबाट १५ प्रस्ताव आएका थिए । नेपाली कांग्रेसका सभापति वीपी कोइरालाले संविधानसभा निर्वाचन यथाशीघ्र हुनु पर्छ भन्दै मिति तोक्नु पर्ने तथा भूमि सुधार र विर्ता उन्मुलन गर्नु पर्ने प्रस्ताव राखेका थिए । असार ३० गते प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले शाही सम्बोधनका निमित्त राजाप्रति धन्यवाद प्रस्ताव पेश गर्दै सदस्यहरूले उठाएका प्रश्नको जवाफ दिए । असार ३० गते शाही सम्बोधनमाथिको धन्यवाद प्रस्ताव पारित भयो । पहिलो सल्लाहकार सभा २००८ असोज १६ मा गठन भए पनि लामो समय यसको बैठक बसेन । २००९ असार १६ गते सभाको बैठक शुरू भयो र ३० गते समापन भयो । सभामा मुलुक र जनताका मुद्दा, संविधानसभा निर्वाचन, समसामयिक विषय वस्तु र शाही घोषणामाथि छलफल भयो । गुरूङ (२०७८) लेख्छन् – करिव ३ महिना अस्तित्वमा रहेको पहिलो सल्लाहकार सभामा विधायिकी अभ्यास भने भएको पाइँदैन (पृ.४०) । यो सभाले खासै काम गर्न नपाए पनि मुलुकमा संसदीय प्रजातान्त्रिक अभ्यासको जग बसाउन प्राथमिक पाइला चालेको थियो भन्न सकिन्छ ।

## सरकारले काम दिन नसक्दा संसद अधिवेशन अन्त्य

संसद गठन भए पनि सरकारले ‘विजनेश’ दिन सकेन । प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले सरकारको तयारी नपुगेकाले एक महिनाका लागि सदन स्थगित गरियोस् भन्ने प्रस्ताव पेश गरे । बैठकले बहुमतबाट स्वीकृत गऱ्यो र अधिवेशन समाप्त भयो । प्रजातन्त्र स्थापनापछि दुई वर्षभित्र संविधानसभा निर्वाचन गर्ने भनिए पनि सरकारले चुनावको तयारीलाई प्राथमिकता दिन सकेन । यसबीच नेपाली कांग्रेस भित्रको आन्तरिक किचलोका कारण २००९ साल श्रावण २६ गते प्रधानमन्त्री कोइरालाले राजिनामा गरे । मातृका सरकारको पतनपछि राजाले २००९ साल श्रावण ३० गते केशरशमशेरको संयोजकत्वमा पाँच सदस्यीय परामर्शदातृ समिति गठन गरे । नयाँ राजनीतिक परिस्थितिमा सल्लाहकार सभाको बैठक हुन सकेन । कतिपय सदस्यले काम नगरी पारिश्रमिक लिन उचित नहुने भन्दै राजीनामा गरे (नेपाल गजेट, २००९ असोज २१)। बस्नेत (२०६६) का अनुसार– समितिले सभा बस्ने अवस्था नभएको र जनचाहनाको कदर गर्दै मुलुकको विकासलाई प्राथमिकता दिनु पर्ने अवस्था रहेकाले विघटनका लागि राजामा सिफारिस गरेको थियो पृ. ४३८) । त्यसैलाई आधार मानेर राजाले २००९ साल भदौ १९ गते पहिलो सल्लाहकार सभा खारेजीको घोषणा गरे (गोरखापत्र, २००९ भदौं ३१ ) ।

**निष्कर्ष**

राणा शाहीको अन्त्य भएर मुलुकमा प्रजातन्त्र स्थापना भएपछि बनेको पहिलो सल्लाहकार सभाका बारेमा खासै अध्ययन भएको पाइदैन । नत त्यो सभासँग सम्बन्धित कुनै दस्तावेज संसदको अभिलेखमा फेला परेन । त्यसैले यो अध्ययनका लागि राजनीतिक विषय बस्तुमा केन्द्रित रहेर गरिएका केही अध्ययन, प्रकाशित पुस्तक र पत्रपत्रिकाको अभिलेखलाई आधार बनाइएको छ । यो सभा आरम्भ भएपछि नै नेपालमा साँचो अर्थमा संसदीय पत्रकारिताको आरम्भ भएको पाइन्छ । पत्रपत्रिकाको रिपोर्टिङले यस अध्ययनका लागि आवश्यक तथ्य जुटाउन सर्वाधिक मद्दत पुऱ्याएको छ । प्राप्त तथ्यका आधारमा भन्न सकिन्छ नेपालमा संसदीय प्रजातन्त्रको जग बसाउन सल्लाहकार सभाको महत्त्वपूर्ण योगदान थियो । सल्लाहकार सभाले बेलायतको वेष्ट मिनिष्टर प्रणालीमा आधारित संसदीय अभ्यासलाई आधार बनाएको थियो । अधिवेशन आरम्भ भएको दुई महिना ३ दिनपछि २००९ साल भदौ १९ गते पहिलो सल्लाहकार सभा खारेज भएकाले यो सभामा प्रयाप्त संसदीय अभ्यास हुन पाएन  तर पनि सरकारको नीति तथा कार्यक्रम पारित हुनु, विभिन्न प्रस्तावमाथि छलफल हुनु, अध्यक्ष र उपाध्यक्षको चयन गरिनु, संविधानसभाको चुनाव गर्ने विषयलाई शाही सम्बोधनमा समावेश गरी पारित गरिनु यो सभाका महत्त्वपूर्ण उपलब्धि हुन् ।

**सन्दर्भ सामग्रीसूची**

*आवाज दैनिक*. (२००८, मंसिर १). ठेली १, सङ्ख्या २५९ ।

*आवाज दैनिक*. (२००९, वैशाख २). ठेली २, सङ्ख्या ५० ।

*आवाज दैनिक*. (२००९, वैशाख ५). ठेली २, सङ्ख्या ५३ ।

*आवाज दैनिक*. (२००९, वैशाख ८). ठेली २, सङ्ख्या ५६ ।

गुरूङ, परशुराम मेघी. (२०७८). *नेपाली विधायिकी अभ्यास, गणराज्यदेखि गणतन्त्रम्म*. संघीय संसद सचिवालय ।

*गोरखापत्र*, २००७ असोज ९, पृ. १, वर्ष ५१, सं. ७० ।

*गोरखापत्र*, २००८ वैशाख ३, पृ. १–४, वर्ष ५२, सङ्ख्या १

*गोरखापत्र*, २००८ आश्विन १७, पृ. १–४, वर्ष ५२, सङ्ख्या ७१ ।

*गोरखापत्र*, २००९ अषाढ २१, पृ. १, वर्ष ५३, सङ्ख्या ३२ ।

*गोरखापत्र* २००९ असार २४, पृ. १, वर्ष ५३, सङ्ख्या ३३ ।

*गोरखापत्र*, २००९ भदौं ३१ ।

गुरागाई, प्रकाश. (२०७९). जङ्क्सन पिपलबोट, *नयाँ सडकको कथा*. फिनिक्स बुक्स ।

गौतम, राजेश. (२०६६). *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस*–भाग २. कृष्णमुरारी अधिकारी र श्रीराम श्रेष्ठ ।

देवकोटा, गृष्मबहादुर (२०१६). *नेपालको राजनीतिक दर्पण*, भाग १. केशवचन्द्र गौतम ।

*नेपाल गजेट*. (२००९ असोज २१). खण्ड २, सङ्ख्या ८ ।

नेपाल, जगत. (२०७२). *पहिलो संसद्, वीपी महेन्द्र टकराब*. सांग्रिला बुक्स ।

नेपाल, जगत. (२०७५). *वीपीको विद्रोह*. बाह्रखरी बुक्स ।

*नेपाल अन्तरिम शासन विधान*, २००७. (सन् २०१८). नेपाल कानून आयोग. https://giwmscdnone.gov.np/media/pdf.

पाँडे, भीमबहादुर. (२०७६). *त्यस बखतको नेपाल*–दुई र तीन. फिनिक्स बुक ।

पाँडे, भीमबहादुर. (२०७६). *त्यस बखतको नेपाल*–भाग पाँच. फिनिक्स बुक ।

बस्नेत, पुरूषोत्तम. (२०६६). *नेपाली कांग्रेसको इतिहासको प्रारूप*–भाग १. पुरूषोत्तम बस्नेत ।

शर्मा, ढुण्डिराज (२०१६). *पार्लियामेन्ट र सल्लाहकार सभा*. नेपाल एकेडेमी ।

शर्मा, बालचन्द्र (२०३३). *नेपालको ऐतिहासिक रूपरेखा*. कृष्णकुमारी देवी ।